फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
कोशी प्रदेश, नेपाल

# करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०८०/०४/०१

यस फेदाप गाउँपालिकामा तपशिल बमोजिमका पदहरुमा सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिदेखि १५ (पन्ध्र) दिनभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट कार्यालय खुलेको समयमा यस कार्यालयबाट निर्धारित फारम भरी तोकिएको शुल्क तिरी आवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| बिज्ञापन नं. | पद/तह | माग संख्या | आवश्यक न्युनतम योग्यताहरु | दस्तुर रकम रु. | कै. |
|---|---|---|---|---|---|
| ०१-२०८०/८१ | रोजगार संयोजक | १ | १.मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक वा सो सरह कोर्ष पुरा गरेको ।<br>२. कम्प्युटर सम्बन्धी देहाय बमोजिमको सिप भएको ।<br>• देवानागरी र अंग्रेजीमा दक्षतापूर्वक टाईपिङ गर्न सक्ने।<br>• Computer/Printer/Scanner/Multimedia उपकरणहरुको प्रयोग गर्न सक्ने ।<br>• MS-Office Package (Word,Excel,Access, Powerpoint) को प्रयोग गर्न सक्ने क्षमता भएको ।<br>• ईमेल/ईन्टरनेट सम्बन्धी आधारभूत ज्ञान भएको ।<br>• व्यवस्थापन सूचना प्रणाली (MIS) सम्बन्धी आधारभूत ज्ञान भएको । | १०००। | |
| ०२-२०८०/८१ | ना.प्रा.स. (कृषि) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./ एस.ई.ई. वा सो सरह उतीर्ण गरी न्यूनतम एक वर्ष जे.टि.ए. (कृषि विज्ञान) तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषय लिई टि.एस.एल.सी. उतिर्ण भएको । | ३००। | |
| ०३-२०८०/८१ | अ.न.मी. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष पुरा गरेको । | ३००। | |

१. संलग्न गर्नु पर्ने आवश्यक कागजातहरुः
   - ✓ नेपाली नागरिकताको प्रमाणपत्र ।
   - ✓ शैक्षिक योग्यताको प्रमाणपत्र ।
   - ✓ तालिम तथा अनुभव सम्बन्धी कागजातहरु ।
   - ✓ काउन्सिल दर्ता प्रमाणपत्र नवीकरण सहित (आवश्यक पदको लागी)।

२. परिक्षाको किसिमः लिखित र मौखिक (रोजगार संयोजकको हकमा मापदण्डमा तोके बमोजिम ) ।

३. पाठ्यक्रमः प्रदेश लोकसेवा आयोगले तोके बमोजिम र रोजगार संयोजकको हकमा मापदण्ड बमोजिम हुनेछ ।

४. दरखास्त पाउने ठाउँः फेदाप गाउँ कार्यपालिकाको कार्यालय, पोक्लवाङ, तेह्रथुम वा यस गाउँपालिकाको वेवसाईट http://www.phedapmun.gov.np बाट Download गर्न सकिनेछ ।

५. दरखास्त दिने प्रक्रियाः बुँदा नं. १ मा उल्लेखित कागजातहरु स्वयं प्रमाणित गरी तोकिएको दस्तुर यस गाउँपालिकाको राजश्व शाखा वा नविल बैंक फेदाप शाखामा रहेको राजश्व खाता नं. २३२०१०१७५०००३९ मा जम्मा गरी सक्कल भौचर साथ आवेदन फारम भरी स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ ।

६. उमेरः १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ (रोजगार संयोजको हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको) ।

७. काम गर्नु पर्ने स्थानः फेदाप गाउँपालिकाको कार्यक्षेत्र भित्र ।

८. तलव भत्ता तथा अन्य सुविधाः करार सम्झौतामा उल्लेख भए बमोजिम ।

९. दरखास्त दस्तुर बुझाउने अन्तिम मितिः२०८०/०४/१५ गते कार्यालय समयमा ।

१०. थप जानकारीको लागीः ९८५२०८०६००

११. परीक्षा मिति संक्षिप्त सूची प्रकाशन गर्दा तोकिनेछ ।

१२. नोटः यस सूचनामा उल्लेख भए बाहेकका बिषयहरु करार सेवा पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

द्रष्टब्यः रितपुर्वक पेश नभएको तथा म्याद नाघि दर्ता हुन आएको आवेदन उपर कुनै प्रकारको कारवाही गरिने छैन। छनौट समितिले मापदण्ड पुरा गरेका आवेदकलाई मात्र छोटो सुचीमा समावेश गर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत